## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्मा मु.नं (०७९-CR-०१२१) फैसला मिति २०८०/१०/०८ | जग्गा खरिद बिक्री बापत उठेको राजश्व दाखिला नगरी हिनामिना गरी भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>•प्रतिवादीहरु मदन प्रसाद गुप्ता र नागेन्द्र प्रसाद चौधरी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सो दफा ७ को खण्ड (ग) बमोजिम ऐ.ऐ. दफा ३ को कसूर मानी निजहरुलाई बिगो रु.९५,०८,०३४।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम कैद सजाय र सोही ऐनको दफा ७ बमोजिम राजश्व हिनामिना भएको रकम रु.९५,०८,०३४।- (अक्षरुपी पञ्चानब्बे लाख आठ हजार र चौतिस रुपैंया मात्र) को दोव्वर जरिवाना हुन,<br>•प्रतिवादीहरु प्रकाश प्रसाद पोखरेल तथा गम बहादुर विश्वकर्मा उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा दफा ७ र सो दफा ७ को खण्ड (ग) बमोजिम दफा ३ को कसूर मानी दाबी लिएको अवस्था देखिन्छ ।<br>**अदालतको फैसला**<br>•आरोपदावी बमोजिमको कसूरमा प्रतिवादी मदन प्रसाद गुप्तालाई पाँच वर्ष कैद र रु. ९५,०८,०३४।-जरिवाना र नागेन्द्र प्रसाद चौधरीलाई चार वर्ष कैद र रु. ९५,०८,०३४।-जरिवाना सजाय हुने<br>•यी प्रतिवादीहरु **प्रकाश प्रसाद पोखरेल तथा गम बहादुर विश्वकर्मालाई सफाई दिने ठहर** गरी फैसला भएको देखिन्छ । | **फैसलाः**<br>**प्रतिवादीहरु प्रकाश प्रसाद पोखरेल तथा गम बहादुर विश्वकर्मालाई लाई सफाई दिने गरी विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•यी प्रतिवादीहरु प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्मा आरोपित कसूरमा ईन्कार रही वयान गरेको देखिएको ।<br>•यी प्रतिवादीहरु कार्यालय प्रमूखको रुपमा कार्यरत रही मातहतका अधिकृत र स्वयं फाँटवालालाई अधिकार प्रत्यायोजन गरी कार्य गरेको देखिएको र निजहरुले राजश्व रकम उठाएको वा दाखिला नगरेको वा आफैंले खाए मासेको अवस्था मिसिलबाट नदेखिएको ।<br>• कसूरदार ठहर भएका प्रतिवादीहरुले उल्लिखित कार्य यी प्रतिवादीहरुले समेत गरेको भनी पोल गरेको अवस्था नदेखिएकोले यी प्रतिवादीहरु प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्माले सफाई पाउने । | •प्रस्तुत वारदातमा आरोप दावी बमोजिमको कसूर तथा विगो ठहर भई सहप्रतिवादीहरु मदन प्रसाद गुप्ता र नागेन्द्र प्रसाद चौधरीलाई सजाय हुने ठहर गरी फैसला भएबाट प्रस्तुत वारदातमा आरोपदावी बमोजिमको राजश्व दाखिला नगरी हिनामिना गरेको कसूर वारदात भएको पुष्टी भएकोले सो सम्वन्धमा थप विवेचना गर्नु परेन ।<br>•यी प्रतिवादी प्रकाश प्रसाद पोखरेल मिति २०७२।०४।०१ देखि २०७३।१।१२ सम्म र प्रतिवादी गम बहादुर विश्वकर्मा मिति २०७३।०१।२२ देखि २०७३।३।३१ सम्म मालपोत कार्यालय, पर्साको प्रमुखको रुपमा कार्यरत रहेकोमा कुनै विवाद छैन । जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ३२१ अनुसार प्रत्येक फाँटबाट असूल भै दाखिला हुन आएको राजश्व लेखाफाँटमा दाखिला भए पछि लेखा फाँटले दाखिला भएको भोलिपल्ट सो दिन विदा परेमा कार्यालय खुल्दाको पहिलो दिन अनिवार्य रुपमा बैंक दाखिला गर्न पठाउनु पर्छ । राजश्व दाखिला भए नभएको विषयमा कार्यालय प्रमुखले नियमित रुपमा हेरी दाखिला नभएको भए तुरुन्त दाखिला गर्न लगाउनुपर्छ भन्ने स्पष्ट कानूनी व्यवस्था भएकोमा कार्यालय प्रमुख रहेका यी प्रतिवादीहरुले उक्त मालपोत कार्यालयमा आ.व. २०७२।७३ पुरै आर्थिक वर्षमा संकलन भएको राजश्व रकम मध्ये रु.९३,६६,२०९।-राजश्व खातामा दाखिला नगरी ब्यक्तीगत रुपमा अपचलन गरेको देखिंदा देखिंदै हिनामिना गर्ने अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी सोको अनुगमन नगरी सहप्रतिवादीहरु मदन प्रसाद गुप्ता र नागेन्द्र प्रसाद चौधरीलाई राजश्व हिनामिनामा प्रोत्साहन गरी राजश्व दुरुस्त रुपमा दाखिला नगराई यी प्रतिवादीहरु प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्माले आरोपदावी बमोजिमको कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएको छ ।<br>•प्रत्येक फाँटबाट असुल भै दाखिला हुन आएको राजश्व लेखा फाँटमा दाखिला भएपछि लेखा फाँटले दाखिला भएको भोलिपल्ट सो दिन विदा परेमा कार्यालय खुल्दाको पहिलो दिन अनिवार्य रुपमा बैंक दाखिला गर्नु पर्दछ र राजश्व दाखिला भए नभएको विषयमा कार्यालय प्रमुखले नियमित रुपमा हेरी दाखिला भए नभएको विषयमा तुरुन्त दाखिला गर्न लगाउनुपर्छ भनी जग्गा प्रशासन निर्देशिका २०५८ मा स्पष्ट व्यवस्था भएकोले यसमा सम्बन्धित फाँटवाला लेखा शाखा प्रमुख र कार्यालय प्रमुख नै मुख्य जिम्मेवार हुने भनी मालपोत कार्यालय पर्सामा कार्यरत कर्मचारीहरु पदमप्रसाद अर्याल, चन्द्रबहादुर भण्डारी, गोपालबहादुर ढुङ्गाना, भपबहादुर बोगटी, हरिनारायण मिश्र र सदनकुमार द्विवेदीले अनुसन्धानको क्रममा तथा अदालतमा उपस्थित भई सोही बेहोराको वकपत्र गरेकोले प्रमाण ऐन, २०३१ को दफा १८ मा *"कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानून बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भई वयान गरेमा प्रमाणमा लिन हुन्छ ।"* भन्ने कानूनी ब्यवस्था अनुसार वकपत्रलाई प्रमाणमा ग्रहण गरी यी प्रतिवादीहरु प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्मा समेत कसूर ठहर भएका अन्य प्रतिवादीहरु सरह समान रुपमा कसूरदार देखिएकोमा यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला मिसिल संलग्न प्रमाण मूल्यांकन, प्रमाण कानून तथा उक्त जग्गा प्रशासन निर्देशिकामा भएको कानूनी व्यवस्थाको ब्याख्याको रोहमा त्रुटीपूर्ण हुँदा बदर भागी छ ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मालपोत कार्यालय, पर्सामा आ.व. २०७२।७३ मा जग्गा किनबेचको क्रममा रजिष्ट्रेशन फाँट "ख" बाट लिखत रजिष्ट्रेशन वापत प्राप्त जम्मा रु.१,९८,३३,९०६।-राजश्व रकम मध्ये रु. १,०३,२५,८७२।-मात्र दाखिला गरी बाँकी राजश्व रकम रु. ९५,०८,०३४।- हिनामिनामा यी प्रतिवादीहरु प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्मा समेतको संलग्नता रहेको निर्विवाद रुपमा पुष्टि भएको अवस्थामा निज प्रतिवादीहरु प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्मालाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा निजहरुको हकमा सफाई दिने गरी भएको फैसला सो हद सम्म त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादीहरु प्रकाश प्रसाद पोखरेल र गम बहादुर विश्वकर्मालाई सफाई दिएको हद सम्मको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिएकोले सो हद सम्मको उक्त फैसला वदर गरी यी प्रत्यर्थी/प्रतिवादीहरु **प्रकाश प्रसाद पोखरेल तथा गम बहादुर विश्वकर्मालाई** समेत आरोप-पत्र मागदावी बमोजिम सजाय गरिपाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध छ । |